१७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २०६ ॥ २०८२ भाद्र २२ गते आईतबार (7th Sep 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

# सामाजिक सञ्जालमा बन्द गर्ने निर्णयविरुद्ध काठमाडौंमा प्रदर्शन

झापा(प्रस) । सामाजिक सञ्जाल बन्द गर्ने निर्णयविरुद्ध नेपाल पत्रकार महासंघका पूर्वपदाधिकारीहरुले आइतबार आन्दोलन गर्ने भएका छन् । पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दहाल, गोविन्द आचार्य, रमेश विष्ट लगायतका पूर्वपदाधिकारीहरुले संयुक्त रुपमा विज्ञप्ति सार्वजनिक गर्दै आन्दोलन गर्ने घोषणा गरेका हुन् ।

उनीहरूले सरकारको यो कदमलाई ' अलोकतान्त्रिक र असंवैधानिक' भन्दै तत्काल फिर्ता लिन अल्टिमेटम दिएका छन् । संसद्बाटै कानुन बनाएर नियमनको बाटो खुला हुँदा हुँदै सरकारले सामाजिक सञ्जालहरुलाई पूर्णरूपमा बन्द गर्ने कठोर र अलोकतान्त्रिक कदम चालेको भन्दै उनीहरूले आक्रोश व्यक्त गरेका छन् ।



दर्ता नभएको बहानामा सामाजिक सञ्जालमाथि लगाइएको यो प्रतिबन्धले नेपालको संविधानले प्रत्याभूत गरेका धारा १७ (स्वतन्त्रताको हक), धारा १९ (सञ्चारको हक) र धारा २७ (सूचनाको हक) जस्ता मौलिक अधिकारहरूमाथि सिधा प्रहार गरेको उल्लेख छ। 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको प्राणवायु हो,' विज्ञप्तिमा भनिएको छ, 'यस्ता संवैधानिक अधिकारलाई कुण्ठित गर्ने र नागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई निषेध गर्ने कार्य लोकतन्त्रका विश्वव्यापी मान्यता विपरीत र पूर्णरूपमा अस्वीकार्य छ ।'

त्यस्तै, यो निर्णयले विदेशमा रहेका लाखौँ नेपाली नागरिक र उनीहरूका परिवारबीचको सम्पर्क विच्छेद गराएको, बालबालिकाको सिकाइमा दीर्घकालीन असर पारेको र हजारौँ व्यक्तिको रोजीरोटीसमेत बन्द भएको विषयलाई प्रमुखताका साथ उठाएका छन् । सरकारले तत्काल सामाजिक सञ्जाल खुला गरी अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकारको सम्मान गर्न माग गरेका छन् । साथै, सामाजिक सञ्जालको नियमनका लागि सरोकारवाला निकाय तथा विज्ञहरूको सहभागितामा अध्ययन कार्यदल गठन गरी दीर्घकालीन र विधिसम्मत समाधान खोज्न पनि उनीहरुले सरकारलाई आह्वान गरेका छन् ।

## सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको छैन–देउवा

झापा(प्रस) । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सामाजिक सञ्जाल बन्द गर्ने सरकारले कुनै निर्णय नगरेको स्पष्ट पारेका छन् ।

शनिबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै देउवाले सामाजिक सञ्जाल बन्द हुने हल्ला भ्रामक भएको बताए ।

उनका अनुसार सरकार र अदालत दुवैले सामाजिक सञ्जाल बन्द होइन, दर्ता अनिवार्य गर्ने कुरा मात्र उठाएको तर्क गरेका छन् ।

'सामाजिक सञ्जाल बन्द गर भन्ने कुरा छैन,' देउवाले भने, 'दर्ता गर भनिएको हो । अदालतले पनि त्यही भनेको छ ।'



देउवाले यस्तो तर्क गरे पनि बिहीबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बसेको बैठकले मन्त्रालयमा सूचीकृत नभएका सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ र मन्त्रालयका अधिकारीहरू, नेपाल दूरसञ्चार प्राधिकरण, टेलिकम अपरेटर, इन्टरनेट सेवा प्रदायक कम्पनीका प्रतिनिधि सहभागी बैठकपछि उक्त निर्णय लिइएको हो ।

देउवाले सामाजिक सञ्जाल बन्द हुने भ्रममा नपर्न जनतालाई आग्रह समेत गरे । देउवाले संविधान संशोधन र सरकार पुनर्गठनबारे पनि धारणा राख्दै सर्वदलीय सहमतिबिना संविधान संशोधन सम्भव नहुने र मन्त्रिपरिषद् पुनर्गठनको कुरा आफूलाई थाहा नभएको बताएका छन् ।

## मेचीले बगाएर कचनकवलका मुर्मुको मृत्यु

झापा(प्रस) । मेची नदीले बगाएर एकजनाको मृत्यु भएको छ ।

भद्रपुर नगरपालिका ३ भैसाबारीस्थित मेची नदीले बगाएर कचनकवल ६ पैनीटोला बस्ने ६५ वर्षीय सोनुलाल मुर्मुको मृत्यु भएको हो ।



भारतमा रहेकी छोरीको घर जाने क्रममा मेची खोला तर्ने क्रममा उनलाई बगाएको थियो ।

खोलाले बगाएर ल्याउँदै गरेको अवस्थामा स्थानीयले देखेर खोलाबाट बाहिर निकाली हेर्दा मुर्मु मृत अवस्थामा फेला परेका थिए ।

थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि वडा प्रहरी कार्यालय भद्रपुरबाट टोली गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## चितुवाले बाख्रा खाएपछि इलामका किसान आतंकित



झापा(प्रस) । इलाममा जंगली चितुवाले चौपाया खान थालेपछि पशुपालक कृषकहरु आतंकित भएका छन् ।

शुक्रवार राति इलाम सूर्योदय नगरपालिका १ छ्यरे बस्ने पासाङ शेर्पाको घरनजिकै रहेको गोठमा पसेर जंगली चितुवाले एउटा खसी र अर्को बाख्रालाई मारेको छ ।

पाँच दिनअघि किसानको बाख्रा खान आएको कालो चितुवालाई इलाममा नियन्त्रणमा लिई उद्धार गरिएको थियो ।

सूर्योदय नगरपालिका २ बागबिरे टोल बस्ने टंक काफ्लेको गोठमा बाख्रा खान आएको कालो चितुवालाई नियन्त्रणमा लिइएको थियो । दुईवटा बोका र एउटा बाख्रालाई मारेर सोही गोठमा बसिरहेको अबस्थामा वन कार्यालयसंग आवश्यक समन्वय गरेर चितुवालाई नियन्त्रणमा लिइ कोशी टप्पु वन्यजन्तु आरक्षण केन्द्रमा लगिएको थियो ।

## मन्त्री मगर चढेको गाडीले बालिकालाई दियो ठक्कर



झापा(प्रस) । कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगर चढेको गाडीले बालिकालाई ठक्कर दिएको छ ।

शनिबार बिहान मन्त्री मगर काठमाडौको गोदावरीमा जारी एमालेको विधान अधिवेशनका लागि त्यसतर्फ जाने क्रममा ललितपुरको हरिसिद्धि दुर्घटना भएको हो ।

बिहान ७ बजेतिर मगरको गाडीले ११ वर्षीया बालिका उषा सुनारलाई ठक्कर दिएको थियो । तर, उनी चढेको को १ झ ६९९ नम्बरको गाडी नरोकिई अगाडि बढेपछि आक्रोशित स्थानीयले सडक अवरुद्ध पारेका थिए ।

घाइते बालिकाको उपचारपछि डिस्चार्ज भएको र वार्तापछि सडक खुलेको जिल्ला प्रहरी परिसर, ललितपुरका प्रहरी वरिष्ठ उपरीक्षक श्याम अधिकारीले बताए । बालिकाको परिवार डेरा गरी बस्दै आएको छ । उनकी आमा वैदेशिक रोजगारीमा छिन् ।

## कोशीका पाँचसहित ६१ स्थानीय तहले अझै ल्याउन सकेनन् बजेट

झापा(प्रस) । भदौको अन्त्यतिर लाग्दैगर्दा हालसम्म ६१ स्थानीय तहले चालु आर्थिक वर्षको बजेट सार्वजनिक गर्न सकेका छैनन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार ७५३ मध्ये ६९२ स्थानीय तहले बजेट सार्वजनिक गरी कार्यान्वयन गरेका छन्।




मन्त्रालयका अनुसार कोशी प्रदेशका पाँच, मधेश प्रदेशका ४०, बागमती प्रदेशका पाँच स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गरेका छैनन्। राजनीतिक विवाद र स्थानीय समस्याका कारण ती स्थानीय तहले बजेट प्रस्तुत गर्न नसकेको पाइएको छ।

गण्डकी प्रदेशका सबै स्थानीय तहले बजेट ल्याउँदा, लुम्बिनी प्रदेशका सात, कर्णाली प्रदेशका तीन र सुदूरपश्चिम प्रदेशको एक स्थानीय तहले बजेट ल्याएका छैनन्। भोजपुरको साल्पासिलिछो गाउँपालिका, इटहरी उपमहानगरपालिका, धरान उपमहानगरपालिका, मोरङको सुनवर्षी नगरपालिका र ओखलढुंगाको सुनकोशी गाउँपालिकाले हालसम्म बजेट सार्वजनिक गर्न सकेका छैनन्। मधेश प्रदेश अन्तर्गत सप्तरीका मात्रै पाँच स्थानीय तहले बजेट ल्याएका छैनन्। सिरहाका तीन, धनुषाको १०, महोत्तरी एक, सर्लाहीको पाँच, रौतहटको पाँच, बाराको पाँच र पर्साका पाँच स्थानीय तहले बजेट ल्याएका छैनन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरणअनुसार वाग्मती प्रदेश अन्तर्गत सिन्धुलीको हरिहरपुरगढी गाउँपालिका, दोलखाको बिगु, धादिङको खनियाबास र गल्छी गाउँपालिकाले बजेट ल्याएका छैनन्।

लुम्बिनी प्रदेशको नवलपरासीको पाल्हीनन्दन गाउँपालिका र प्रतापपुर गाउँपालिका, रुपन्देहीको कोटहीमाई गाउँपालिका र सम्मरीमाई गाउँपालिका, कपिलवस्तुको शुद्धोधन गाउँपालिका, दाङको तुल्सीपुर उपमहानगरपालिका र लहमी नगरपालिकाको बजेट सार्वजनिक भएको छैन।

कर्णाली प्रदेशको सल्यान जिल्लाको कुमाख, छत्रेश्वरी र दार्मा गाउँपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ। यस्तै, सुदूरपश्चिम प्रदेशको टिकापुर नगरपालिकाले बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ। संवैधानिक व्यवस्थाअनुसार हरेक वर्ष जेठ १५ गते संघीय सरकारले संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा बजेट प्रस्तुत हुन्छ। यस्तै, असार १ गते प्रदेश सरकारको र असार १० गते स्थानीय तहले बजेट प्रस्तुत गर्ने व्यवस्था छ।

## धरानको नगरसभा आगामी बिहीबार

झापा(प्रस) । लामो रस्साकस्सीपछि धरान उपमहानगरपालिकाको कार्यपालिका बैठकले चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट सिलिङ संशोधनसहित पारित गरेको छ।

शुक्रबार बसेको कार्यपालिका बैठकले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेटबाट चालु खर्च बाहेक पुँजीगततर्फको कुल बजेटबाट १० प्रतिशत घटाएर कार्यान्वयन गर्ने र नगर सभा भदौ २६ गते गर्ने निर्णय पनि गरेको छ । बैठकले नगर सभा दिउँसो १ बजे धरान उपमहानगरपालिका परिसरमा गर्ने निर्णय गरेको हो ।

बैठकमा मेयर हर्क साम्पाङले सिलिङ पास गर्न १५ वटा एजेन्डा प्रस्तुत गरेका थिए । बैठकमा एमालेका तर्फबाट कार्यपालिका सदस्य सावित्री परियारले बजेट १० प्रतिशत घटाउने संशोधन प्रस्ताव गरेकी थिइन् । उनको प्रस्तावलाई कार्यपालिका बैठकले सहमति जनाउँदै सर्वसम्मतरुपमा पारित गरेको हो ।

यसअघि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले २ अर्ब २० करोड ७४ लाख ५९ हजारको सिलिङ एमालेको असहमतिबीच बहुमतले पारित गरेको थियो । नेकपा एमालेबाट निर्वाचित वडाध्यक्ष तथा कार्यपालिकाका सदस्यहरूले घाटाको बजेट बनाउनु हुदैन् भन्दै बजेट घटाउनु पर्ने माग गरेका थिए । अब उक्त बजेटमा पुँजीगततर्फ १० प्रतिशत घटेर बजेट सिलिङ कायम हुने भएको छ ।

नेकपा एमालेबाट निर्वाचित वडाध्यक्ष तथा कार्यपालिकाका सदस्यहरूले यसअघि मेयर कोष, उपमेयर कोष , मेयर भिजन , उपमेयर भिजन , कार्यपालिका कोष जस्ता अवण्डा कोषहरू खारेज गर्नु पर्ने माग्दै कार्यपालिका पटक-पटक बैठक बहिष्कार गरेका थिए ।

उनीहरूको मागको सुनवाइ गर्दै बैठकमा मेयर र उपमेयर भिजन भनेर विनियोजन गरिएको योजनाहरूको नाम परिवर्तन गरेर नगर भिजन राख्ने निर्णय भएको छ। उक्त भिजनमा १५ लाख योजना राख्ने निर्णय भएको छ ।

बैठकमा मेयर साम्पाङले मेयर र उपमेयर भिजनको नाम परिवर्तन गरेर नगर भिजन राख्ने प्रस्ताव गरेका थिए । उक्त प्रस्तावमा भने उपमेयर अइन्द्रबिक्रम बेघाले आपत्ति जनाएका थिए । उनले मेयर र उपमेयर भिजनको बजेट ब्रेक डाउन एमालेका वडाध्यक्ष र कार्यपालिका सदस्यहरूले माग गरे बमोजिम नै ब्रेक डाउन गरेर दिए पनि नाम परिवर्तन गरेकोमा असहमति जनाएका थिए ।

लामो छलफल पछि कार्यपालिका बैठकले संशोधनसहित नीति तथा कार्यक्रम पास गर्ने निर्णय पनि गरेको छ । नीति तथा कार्यक्रममा यसअघि नेकपा एमालेले दिएका बुँदागत सुझावहरूलाई समेटेर अर्को कार्यपालिका बैठकमा संशोधनसहित पारित गर्ने निर्णय भएको छ ।

त्यस्तै, पालिका गानको लागि छनौट भएको गीतमा भने विवाद भएको छ । उपमहानगरपालिकाले आह्वान गरेबमोजिम टिका आत्रेयको सिर्जना पालिका गानको लागि छनौट भएको थियो । उक्त सिर्जनामा स्रष्टाले श्रमिक भन्ने शब्द उल्लेख गरे पनि मेयर साम्पाङले भने उक्त शब्दलाई परिवर्तन गर्दै श्रमदाता बनाएर गीत रेकर्ड गराएका थिए ।

उक्त शब्द परिवर्तन भएकोमा लेखिकाले असन्तुष्टि जनाएको र स्रष्टाको शब्द परिवर्तन गर्ने अधिकार स्वयम स्रष्टालाई मात्र हुने भएको भन्दै उपमेयर बेघा र वडाध्यक्षहरुले एजेन्डा स्थगित गर्न आग्रह गरेका थिए । उनले स्रष्टासँग सहमति जुटाएर मात्र पालिका गान सम्बन्धी एजेन्डा पारित गर्ने अडान राखेका थिए । मेयर साम्पाङले स्रष्टासँग कुरा गर्ने भन्दै एजेन्डा स्थगित गरेका थिए। उनले यो विषयमा अर्को बैठकमा छलफल हुने भन्दै कार्यपालिका बैठक टुङ्गाएका थिए। अर्को कार्यपालिका बैठक भदौ २२ गते (आइतबार) बस्ने निर्णय पनि बैठकले गरेको छ ।

उक्त बैठकमा नीति तथा कार्यक्रम संशोधनसँगै राजश्व पुनरावलोकनबारे, बसपार्क सञ्चालनबारेको प्रतिवेदन, सडक उपयोग सेवा शुल्कको ठेक्का, दररेट लगायतका बाँकी रहेका एजेन्डाहरूबारे पुनः छलफल हुने जनाइएको छ ।

### टिपरले स्कुटरलाई ठक्कर दियो

## छोरीको मृत्यु , आमा र अर्की छोरीसहित तीन घाइते

झापा(प्रस) । सुनसरीको धरानमा टिपरले स्कुटरलाई ठक्कर दिँदा एक बालिकाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन् ।

शुक्रवार दिउँसो १.५० बजे धरान उप-महानगरपालिका ६ चौकीडाँडामा धरानबाट केराबारीतर्फ जाँदै गरेको प्र.१-०२-००१ नम्बरको टिपरले बाटो क्रस गर्दै गरेको को ३९ प २७४ नम्बरको स्कुटरलाई ठक्कर दिएको हो । दुर्घटनामा स्कुटरमा सवार धरान ६ चौकीडाँडा बस्ने सुजन बुढाथोकीकी छोरी ११ वर्षीया सुवास्ना बुढाथोकीको मृत्यु भएको छ ।

त्यस्तै स्कुटर चालक सुवास्नाकी आमा ३३ वर्षीया बिना बुढाथोकी , सुवास्नाकी बहिनी ६ वर्षीया लुना बुढाथोकी र सोही ठाउँ बस्ने सुरेश श्रेष्ठकी छोरी ६ वर्षीया सुस्मिता श्रेष्ठ घाइते भएका छन् । घाइतेहरुको वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । टिपर चालक धरान -६ पानबारी बस्ने ४५ वर्षीय भक्तबहादुर मगरलाई इलाका प्रहरी कार्यालय धरानले नियन्त्रणमा लिएको छ ।

त्यस्तै शुक्रवार दिउँसो ४ बजे मोरङको बूढीगंगा गाउँपालिका ४ पशुपति टोलस्थित भित्री सडकखण्डमा दक्षिणबाट उतरतर्फ जाँदै गरेको प्र.१-०२-००२ च ४६६५ न.को पिकअप गाडीले बाटो क्रस गर्दै गरेका शिवहरि पौडेलका छोरा ५ वर्षीय शम्भु पौडेललाई ठक्कर दिँदा उनको मृत्यु भएको छ। टाउको र अनुहारमा गम्भीर चोट लागेर उपचारको लागि बिराट टिचिङ अस्पताल गंगाचोक लगिएकोमा डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । पिकअप गाडी र चालक सुनसरी दुहबी ११ बस्ने २७ वर्षीय दिपनारायण ऋषिदेवलाई जिल्ला प्रहरी कार्यालय मोरङले नियन्त्रणमा लिएको छ ।

# प्रिमियर वायर्सलाई भारतीय गुणस्तर प्रमाणपत्र

झापा(प्रस) । सुनसरी-मोरङ औद्योगिक कोरिडोरमा सञ्चालित प्रिमियर वायर्सले भारतीय ब्युरो अफ इन्डियन स्ट्यान्डर्स (बिआइएस) बाट गुणस्तर प्रमाणपत्र प्राप्त गरेको छ । नेपालमा उत्पादन हुने विद्युतीय तार निर्यात गर्ने पहिलो उद्योगले बिआइएस पाएको हो ।

मोरङको बुढीगङ्गा गाउँपालिकामा शारडा समूहद्वारा सञ्चालित यस उद्योगले उत्पादन गर्दै आएको प्रिमियर वायर्स भारतमा बिक्रीका लागि सहज बाटो खुलेको सञ्चालकले बताएका छन् । उद्योगका सञ्चालक उद्योगी पवन शारडाका अनुसार भारतमा कुनै पनि वस्तु निर्यात गर्दा बिआइएस अन्तर्गत आइएस (इन्डियन स्ट्यान्डर्स) अनिवार्य छ । त्यही सहज निर्यातका लागि त्यहाँको कानुनी बाटो अपनाएको उनले बताए । उनका अनुसार प्रिमियर वायर्स यसअघि भारत, बङ्गलादेश र



भुटानमा समेत निर्यात हुँदै आएको छ । “खास गरी हाम्रो बजार बङ्गलादेश र भुटान नै थियो,” उद्योगी शारडाले भने यो, “भारतीय बजार भए पनि यसमा केही समयदेखि केही प्रक्रिया अपनाउनु परेकामा अब बाटो खुलेको छ ।” शारडाले प्रिमियर वायर्स नेपालमा बिआइएस सर्टिफाइड पहिलो वायर्स उद्योग भएको दाबी गरे ।

प्रिमियर वायर्सलाई यही भदौ १३ गते (अगस्त १९) मा बिआइएसले पत्र लेख्दै कम्पनीले उत्पादन गर्ने पिभिसीसहित लचिलो र कडा कन्डक्टर भएको सिटेड र अनसिटेड ११००० भोल्टेजसम्म क्षमता भएको केबुललाई गुणस्तर चिह्न प्रदान गरिएको उल्लेख छ । बिआइएस पाएको केबुल घर तथा कलकारखानामा प्रयोग हुने उल्लेख छ । जसमा भारतीय मापदण्ड (आइएस) ६९४:२०१० को प्रावधान अन्तर्गत गुणस्तर चिह्न प्रदान गरिएको भनिएको छ ।

उद्योगी शारडाले नेपालमा समेत कतिपय परामर्शदाताले केबुल प्रयोगमा बिआइएस मान्यता प्राप्त भनेर उल्लेख गरिदिने गरेका छन् । त्यस आधारमा भारतबाट मालवस्तु मगाउनुपर्ने बाध्यता थियो अब भने त्यो हटेको छ ।

उनका अनुसार यसअघि नेपाल तथा भारत दुवै देशको साझेदारीमा निर्माण भएको विराटनगरको सुक्खा बन्दरगाहमा समेत भारतीय सामग्री प्रयोग भएका छन् ।

# मिस्टर कञ्चनजंघा बडीबिल्डिङको ट्रफी सार्वजनिक



झापा(प्रस) । आयोजक समितिले तेस्रो मिस्टर कञ्चनजंघा खुला राष्ट्रिय शारीरिक सुगठन प्रतियोगिताको ट्रफी सार्वजनिक गरेको छ । प्रतियोगिताको तयारीबारे जानकारी दिन शनिवार बिर्तामोडमा आयोजित पत्रकार सम्मेलनमा विजेताले पाउने ट्रफी सार्वजनिक गरिएको हो । पत्रकार सम्मेलनमा बोल्दै आयोजक समितिका अध्यक्ष आदित्य पराजुलीले यही भदौ २७ र २८ गते बिर्तामोडको सिटी सेन्टरमा हुन लागेको प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको बताए । पहिलो दिन प्रिजजिङ र दोस्रो दिन फाइनल प्रतिस्पर्धा हुने अध्यक्ष पराजुलीले जानकारी दिए । प्रतियोगितामा देशभरबाट करिब एक सय पचास जना खेलाडीहरूको सहभागिता रहनेछ। ५५ केजीदेखि ७५ केजीभन्दा माथिसम्मका विभिन्न ६ विधामा खेलाडीहरूले प्रतिस्पर्धा गर्नेछन्।

पहिलो र दोस्रो संस्करण प्रदेशस्तरमा सीमित रहेकोमा यो संस्करणबाट राष्ट्रियस्तरमा स्तरोन्नति भएको अध्यक्ष पराजुलीले बताए । कार्यक्रम संयोजक तथा राष्ट्रिय च्याम्पियन राम दाहालका अनुसार कोशी प्रदेशबाहेक अन्य प्रदेशहरूबाट आउने खेलाडीहरूलाई यातायात र आवास खर्च उपलब्ध गराइनेछ।

प्रतियोगितामा राष्ट्रिय तथा अन्तर ष्ट्रिय स्तरका खेलाडीहरूको समेत सहभागिता हुने जानकारी दिँदै दाहालले यस प्रतियोगितालाई नेपालकै प्रतिष्ठित बडीबिल्डिङ प्रतिस्पर्धाका रूपमा स्थापित गर्ने उद्देश्य राखिएको बताए । विजेताले नगद पाँच लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। त्यस्तै, दोस्रो हुनेले तीन लाख, तेस्रोले दुई लाख, चौथोले एक लाख, पाँचौँले ७५ हजार र छैटौं स्थान प्राप्त गर्नेले ५० हजार रुपैयाँ नगद पुरस्कार पाउनेछन्। साथै, हरेक तौल समूहमा दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने खेलाडीहरूले क्रमशः सात हजार र पाँच हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

यसअघि प्रदेशस्तरीय प्रतियोगिता हुँदा पहिलो पुरस्कार तीन लाख ११ हजार १११ रुपैयाँ थियो। प्रतियोगिता सम्पन्न गर्न करिब २५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। कार्यक्रममा भद्रपुर झापा गोल्डकपका अध्यक्ष दिपेश ढकाल, उद्योग वाणिज्य महासंघ कोशीका निवर्तमान अध्यक्ष टीकाराज ढकाल र आयोजक समितिका निवर्तमान अध्यक्ष अर्जुन मैनालीले शुभकामना मन्तव्य राखेका थिए । आयोजक समिति सचिव सन्तोष उप्रेतीले स्वागत गरेको कार्यक्रमको सञ्चालन पत्रकार रमेश तिवारीले गरेका थिए । कार्यक्रममा पत्रकार महासंघ झापाका उपाध्यक्ष सुव्रत न्यौपाने, आयोजक समितिका निर्मल खत्री, दिपेन चौधरी, पदम श्रेष्ठलगायतको सहभागिता रहेको थियो।

# ताप्लेजुङमा ६ प्रतिशत खेत पूरै बाँझो

झापा(प्रस) । पर्याप्त पानी नपरेपछि ताप्लेजुङमा ८४.६ प्रतिशतमा मात्रै रोपाइँ भएको छ । गतवर्ष ९८.५ प्रतिशतमा रोपाइँ भएको थियो ।

धानको बिउ तयार पारेर बसेका किसानले समय निकै घर्किंदासम्म पनि बाली लगाउने तयारी गरेका थिए । तर भदौ दोस्रो सातासम्म पनि पानी नभएपछि ब्याडको बिउ काटेर गाईबस्तुलाई दिएका छन् । कृषि ज्ञान केन्द्र ताप्लेजुङका कृषि प्रसार अधिकृत विजय श्रेष्ठका अनुसार जिल्लामा ५ हजार ६ सय ६६ हेक्टरमा धानखेती हुने गरेको छ । यस वर्ष ४ हजार ७ सय ९७ हेक्टरमा मात्रै रोपाइँ भयो । धान रोपाइँ नभएको मध्ये पनि ६ प्रतिशत खेत पूरै बाँझो



छ । १० प्रतिशतमा कोदो, मकै मास, मस्याम लगायतका बाली लाग्ने कृषि ज्ञान केन्द्रले जानकारी दिएको छ ।

खेती नलागेका किसान सरकारबाट बिउसम्मको सहयोग पाए हुन्थ्यो भन्ने अपेक्षामा छन् । फुङलिङ नगरपालिकाका प्रवक्ता मोहन न्यौपानेले नगरपालिकाभित्रको बाँझो जमिनको तथ्यांक संकलनको काम भइरहेको र संकलनपछि कस्तो सहयोग गर्ने भन्ने निष्कर्षमा पुग्ने बताए । ‘अहिले हामीले वडावडाबाट तथ्यांक संकलनको काम गरिरहेका छौं,’ न्यौपानेले भने, ‘कहाँ कस्तो सहयोग आवश्यक पर्छ भन्ने विषयमा त्यसपछि छलफल गर्छौं ।’ कृषि ज्ञान केन्द्रले भने माथिल्लो निकायमा बाँझो जमिनको अवस्था र किसानको अपेक्षाका विषयमा लेखेर पठाएको जनाएको छ । फुङलिङ नगरपालिका-३ का युवराज बरालले साउनमा रोप्नुपर्ने धान भदौसम्म पनि पानी नपरेपछि खेत बाँझै छोडेको बताए ।

## चट्याङले लागेर दमकमा बालिका घाइते

झापा(प्रस) । शुक्रवार साँझ चट्याङले लागेर दमकमा एक बालिका घाइते भएकी छन् । साँझ ७.१५ बजे दमक नगरपालिका १० नलबारी बस्ने उज्वल लिम्बुकी छोरी १२ वर्षीया सिर्जना लिम्बू आफ्नै घरको किचनमा काम गरिरहेका बेला वर्षासँगै आएको चट्याङको झड्का लागेर घाइते भएकी हुन् । उनको बाँया खुट्टाको पैतालामा चोट लागेको छ । घाइतेलाई आम्दा अस्पताल दमकमा ल्याइ उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# नेपाल र बंगलादेशबीचको खेल बराबरीमा

झापा(प्रस) । नेपाल र बंगलादेशबीचको पहिलो मैत्रीपूर्ण खेल गोलरहित बराबरीमा सकिएको छ। शनिबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न खेलमा दुवै टिमले गोल गर्न सकेनन्। खेलको १० औँ मिनेटमा बङ्गलादेशले गरेको गोल अफसाइड भएको हो। खेलको ३०औँ मिनेटमा नेपालका लागि मणि कुमार लामाले हानेको फ्री किकमा अनन्त तामाङको हेडको प्रयास सफल भएन।

खेलको ७६ औँ मिनेटमा मोहम्मद ताजु देनले पेनाल्टी बक्स बाहिरबाट हानेको सट नेपालका गोलकिपर किरण चेम्जोङले नियन्त्रणमा लिए। त्यसपछि दुवै टिमले केही प्रयास गरेता पनि सफल हुन सकेन।

यो दशरथ रंगशालामा करिब दुई वर्षपछि आयोजना भएको पुरुष फुटबलको अन्तर्राष्ट्रिय खेल हो। यसअघि नेपाली टिमले पछिल्लो पटक सन् २०२३ को नोभेम्बरमा यमनविरुद्ध दशरथ रंगशालामा प्रतिस्पर्धा गरेको थियो।

नेपालले अब मंगलबार बंगलादेशविरुद्ध दोस्रो मैत्रीपूर्ण खेल्ने छ। दशरथ रंगशालामै हुने यो खेल बेलुका ५:३० बजेदेखि सुरु हुनेछ।

# पेट्रोनास र ग्लोब्याटका बारेमा डिलर र मेकानिकहरुसंग भेटघाट

बिर्तामोड(प्रस) । पेट्रोनास लुब्रिकेन्टस् र ग्लोब्याट ब्याट्रीका बारेमा जानकारी दिने उद्धेश्यले डिलर र मेकानिकहरुसंग बिर्तामोडमा भेटघाट



कार्यक्रम सम्पन्न भएको छ । कालिका ट्रेड सप्लायर्स र त्रिथुंगा ट्रेडिङ प्रालिले संयुक्तरुपमा सो भेटघाट कार्यक्रम राखेका थिए । कालिका ट्रेड सप्लायर्सका अध्यक्ष डम्बर थापाको अध्यक्षता तथा त्रिथुंगा ट्रेडिङ प्रालिका जेनेरल मेनेजर श्याम पाण्डेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पेट्रोनास लुब्रिकेन्टस्का प्रदेश नं १ का सेल्स मेनेजर रामदास भट्टराईले विश्वकै उत्कृष्ट दशभित्र पर्ने सफल पेट्रोनास लुब्रिकेन्टस् मल्टिनेशनल र प्रिमियम ब्राण्ड भएको बताए । त्यस्तै ग्लोब्याट ब्याट्रीका प्रदेश नं १ का सेल्स मेनेजर रुपक खड्काले जर्मनी टेक्नोलोजीबाट बंगलादेशमा निर्मित ग्लोब्याट ब्याट्रीका विशेषताहरुका बारेका जानकारी दिएका थिए । कार्यक्रममा पेट्रोनास लुब्रिकेन्टस्का सेल्स हेड पदम राणाले पनि आफ्नो प्रोडक्टको विशेषताका बारेमा जानकारी दिएका थिए । कालिका ट्रेड सप्लायर्सका संचालक वासुदेव तिम्सिनाले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन लीला बुढाथोकीले गरेकी थिइन् । कार्यक्रममा कुवेर ढुंगेल र तपस सरकारले पेट्रोनास लुब्रिकेन्टस् र ग्लोब्याट ब्याट्रीबाट पाएको फाइदाबारे आ-आफ्ना अनुभव सुनाएका थिए ।

# इनड्राइभको सेफ्टी फर्स्ट तालिमबाट सयभन्दा बढी चालक लाभान्वित

झापा । ग्लोबल मोबिलिटी एण्ड अर्बन सर्भिसेज प्लेटफर्म इनड्राइभले ँसेफ्टी फर्स्ट□तालिम सम्पन्न गरेको छ। यात्रु सुरक्षाप्रति आफ्नो प्रतिबद्धता अझ प्रस्ट पार्न फाइटब्याक नेपालसँगको सहकार्यमा सम्पन्न सो तालिममा १०० भन्दा बढी मोटरसाइकल र ट्याक्सी चालक सहभागी थिए।

कार्यक्रम फाइटब्याक नेपालका संस्थापक विक्रान्त पाण्डेले सञ्चालन गरेका थिए। उनले चालकहरूलाई दैनिक जीवनमा देखा पर्ने चुनौतीपूर्ण परिस्थितिलाई सामना गर्ने व्यावहारिक सीप सिकाएका थिए । तालिममा यात्रुलाई सम्मान र सुरक्षा प्रदान गर्ने, चालकहरुले व्यावसायिक आचरण र शिष्टाचारलाई व्यवहारमा उतार्ने, असहज वा संवेदनशील परिस्थितिमा प्रभावकारी ढङ्गले प्रतिक्रिया जनाउने जस्ता कुराहरु सिकाइएको थियो। उक्त तालिम इनड्राइभको ‘सेफ्टी फर्स्ट’भन्ने मूल सिद्धान्तलाई जोड दिँदै इनड्राइभलाई अझ सबल र विश्वासिलो प्लेटफर्मका रूपमा स्थापितगर्न लक्षित थियो।

फाइटब्याकको बीएचभी नमुना प्रयोग गरी गरिएको छलफल, अभ्यास र व्यावहारिक सुरक्षा प्रशिक्षणमार्फत चालकहरूलाई प्रत्यक्ष काम लाग्ने सीप प्रदान गरिएको थियो। तालिम पूरा गर्ने चालकहरूले प्रमाणपत्रसहित ँभेरिफाइड ड्राइभर ब्याज□पनि प्राप्त गरेका थिए । उक्त ब्याजले उनीहरूलाई आधिकारिक रूपमा इनड्राइभ प्रमाणित चालकको रूपमा चिनाउँछ। इनड्राइभ नेपालकी कन्ट्रि रिप्रेजेन्टेटिभ रीता पोखरेलले भनिन्ँसुरक्षा इनड्राइभको मिशनको मूलमा रहेको छ । प्रत्येक यात्रुले सम्मानित र सुरक्षित महसुस गरून, र प्रत्येक चालक व्यावसायिक रूपमा सशक्त बनून भन्ने हामी चाहन्छौं । यस्ता तालिमहरूले हामीलाई सुरक्षा, विश्वास र निष्पक्षतालाई पहिलो प्राथमिकतामा राख्दै जिम्मेवार चालकहरूको समुदाय बनाउन सहयोग पुर्याइरहेका छन् ।□

त्यस्तै, फाइटब्याक नेपालका फाउण्डर विक्रान्त पाण्डेले भनेँड्राइभसँगको सहकार्य यात्रु सुरक्षाको संस्कार स्थापित गर्ने दिशामा एक महत्वपूर्ण कदम हो। चालकहरूलाई चेतना र व्यावहारिक सीप प्रदानगर्दा, हामी केवल दुर्घटना रोकथाममै सीमित छैनौं, बरु सबैका लागि–विशेषतःमहिला यात्रुहरूको लागि–सुरक्षित वातावरण निर्माण गर्दैछौं ।□

समान अवसरयुक्त समाजको परिकल्पनासहित, इनड्राइभले आफ्नो प्लेटफर्ममा सुरक्षा, विश्वास र सम्मानलाई केन्द्रमा राखेको छ। यो तालिमले इनड्राइभलाई ‘सेफ्टी फर्स्ट, पिपुल पावर्ड प्लेटफर्म’ को रूपमा पुनः स्थापित गरेको छ, जहाँ चालक र यात्रु दुवै सुरक्षित र महत्वपूर्ण महसुस गर्छन् ।

**मनास्लु...**

आरोहणको अनुमति लिएका छन्। तथ्यांकअनुसार सात हजार ८५५ मिटर अग्लो नुप्त्से आरोहणका लागि ११ जनाले अनुमति लिएका



छन्। ६ हजार ३९५ मिटर अग्लो ल्यायुल आरोहणका लागि १५ जनाले अनुमति लिएका छन् ।

गत वर्षको यही सिजनमा चार सय एक जनाले मनास्लु हिमाल आरोहणको अनुमति लिएका थिए।

अहिले मनास्लु हिमालमा रोप फिक्सिङ (डोरी टाँग्ने) काम भइरहेको स्थानीय चुमनुब्री गाउँपालिका-१ सामागाउँका वीरबहादुर लामाले जानकारी दिए। साथै आरोहीहरू सामागाउँमा आइपुग्न थालेका छन् । यहाँ लमजुङ, मनाङ हुँदै लार्केपास गरेर आउने आरोहीको संख्या धेरै हुने गर्छ । कोही हेलिकप्टरबाट पनि आउने गर्छन् ।

विभागको तथ्याङ्कमा सबैभन्दा धेरै आरोही चीनका ४३ जनाले अनुमति लिएका छन् । पोल्याण्डका २५, रुसका २३, नेपाली आरोही २३, अमेरिकाका १६, जापानका १३, फ्रान्सका १२ क्यानडाका १० आरोहीले अनुमति लिएका छन् ।

पर्यटन विभागका निर्देशक एवं सूचना अधिकारी लीलाधर अवस्थले शरद ऋतुका लागि अनुमति लिन आउने आरोहीहरू विस्तारै बढ्ने बताए। ‘बल्ल सिजन सुरु भएको छ । अब केही दिनमै धेरै आरोहीहरू अनुमति लिन आउँछन्,’ उनले भने। यसअघि गत वर्ष यो सिजनमा मनास्लु आरोहणका लागि चार सय एक जनाले अनुमति लिएका थिए ।



कपुरी मोटोकर्प प्रा.लि.
बिर्तामोड,झापा सम्पर्क: ०२३५३०४५२,९८०२६००५१९,९८०२६००५३१

## चराचुरुङ्गीको संरक्षण गरौं

चराचुरुङ्गीले:

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुर्‍याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुर्‍याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुर्‍याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुयाउँछ


नेपाल सरकार विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## तिमीले मन छुने कविता लेखेछौ!

• राकेश कार्की




मित्र
तिमीले त मन छुने कविता लेखेछौ
त्यो पहाडका नाङ्गा नाङ्गा डाँडाहरूमा
हरियो साल सल्लाका अग्ला अग्ला रूखहरू रोपेर
चुरे र महाभारतका खुइलिएका पाखाहरूमा
हरियाली वन जङ्गलले ढाकेर
रित्तिएको सिद्धिएको चारकोसे झाडीमा
बयर र भोर्लाका मुनाहरू उमारेर
पहिले हामी जन्मेको बेला जस्तो
हाम्रो देशको प्रकृति सजाएर
तिमीले मित्र
मन छुने कविता लेखेछौ
सललल बगिरहने झरनाहरू
ठाउँ-ठाउँमा पानी भर्न जाने ढुंगेधाराहरू
साना-ठुला नदीनालामा दुआलो फर्काएर
गैरीखेत र माथ्लो खेतसम्म पुऱ्याएका
कुलो कुलोबाट पटाएका पानी
धान र गहुँ रोप्दै रमाएका रोपारहरू
सबैलाई अक्षर अक्षरमा संगालेर
तिमीले मित्र
मन छुने कविता लेखेछौ

ती साधारण आनन्दमय गाउँघरहरू
सोझा सिधा र भोला गाउँलेहरू
हरेक दुःखमा भरपुर सहयोग
सुखमा उमंग र रमाइलो
हरेक बटुवालाई गाँस, बास र सत्कार
भेटे र बोलेपिच्छे मधुर वचन र मुस्कान
पुरै बस्ती नै आफ्नै परिवार जस्तो
साँचो आत्मीयता र माया छर्लङ्ग्याएर
तिमीले मित्र
मन छुने कविता लेखेछौ।

## मनको ऐना!

• गगन राई



म
हरेक दिन
मनको ऐना हेर्छु
र
थाहा पाउँछु
म कस्तो छु।
मनको ऐना हेरेर- थाहा पाउँछु
मैले बाचेको धरातल
जान्दछु
मेरो क्षमता र हैसियत
बुझ्दछु
म को हुँ।
मैले हेर्ने मनको ऐना
मेरो मनको कुनामै झुन्डिएको छ
र त
जब म विचलित हुन्छु
म त्यही मनको ऐना हेर्छु
जब उत्साहित हुन्छु
म त्यही मनको ऐना हेर्छु
जब म केही बोल्न खोज्छु
त्यही मनको ऐना हेर्छु
जब म केही लेख्न खोज्छु
त्यही मनको ऐना हेर्छु
जब म केही गर्न खोज्छु
त्यही मनको ऐना हेर्छु।
त्यही मनको ऐना हेरिसकेपछि
म आफूलाई
एक- सिकारु विद्यार्थी पाउँछु
एक- स्वाभिमानी नागरिक ठान्छु
एक- अपूर्ण मानव महसुस गर्छु
धर्तीको एक- पाहुना मान्छु
जो दुई दिन बिताएपछि बिदा हुनुपर्छ
अझै प्रस्ट भन्दा
म आफूलाई सत्य र स्पष्ट देख्छु
जसरी मेरो मनको ऐनामा मेरो चित्र स्पष्ट देखिन्छ।
तर म
जो कोही स्पष्ट देख्दिनँ
किनकि
ती बोल्छन् एउटा र गर्छन् अर्को
ती ठान्छन् आफू सबैभन्दा जान्ने अरू नजान्ने
ती सोच्छन् आफू असल अरू खराब
र लाग्छ
तिनीहरूले मनको ऐना कहिल्यै हेर्दैनन्।

# पहिलो डेट



• महेन्द्र पौडेल

'शनिबार भेटौं।'

अकस्मात आएको तिम्रो प्रस्तावले म घोत्लिएँ।

'हुन्छ' त मैले भनिदिएँ। त्यस हप्ताभरि म सुत्न सकिनँ। र मैल नानाभाँती कुरा खेलाएँ।

हुन त, महिनौं फेसबुकको मेसेन्जरमा बोलेपछि तिमीले एकाएक सिग्नल डाउनलोड गर्न भन्यौं, त्यहाँ गोपनीयता हुन्छ भन्ने तिम्रो विश्वास, मैले त्यसै गरिदिएँ, सिग्नल डाउनलोड भइसकेपछि तिमी एकाएक अजिब भयौं। अचानक तिमीलाई भविष्यको चिन्ताले पिरोल्यो तिम्रो प्रश्नैप्रश्नले मेरो सिग्नलको बक्स नै भरियो। तिम्रा प्रश्नहरूले म घोत्लिएँ। खासमा ती प्रश्नहरू हामीसँगै सम्बन्धित थिए। हामीले एक युगजति कुरा गरिसकेका थियौं। डिजिटल माध्यमले।

एक जुगजति समय एकअर्कालाई दियौं भिडियोमा। अब हामीलाई एकअर्काबीच आउने सुगन्धको महसुस गर्नु थियो। स्पर्शको अनुभव गर्नु थियो। प्रत्यक्ष तिम्रा गहिरा आँखालाई नियाल्नु थियो। तिमीले यिनै कुराहरू भनेर पहिलो डेटका लागि मनाएका थियौं मलाई।

मलाई पुरूषको सानिध्य त्यति मन पर्दैनथियो। म डराउँथेँ। किनकिन तिमीसँग मैले सुरक्षित महसुस गर्न थालेँ। यसै पनि दर्जनौं पुरूषहरूसँग कुरा गरिन्थ्यो च्याटमा तर तिमी विशेष लागेको थियो। लामो समयसम्म च्याट त्यसपछि अडिओ र अन्तिममा भिडिओसम्म्म कुरा गरेपछि तिमीले वाकई मेरो फरक तारिफ गरेऔं। त्यसो त पहिलो केही घण्टाकै च्याटमा तिमीले दिएको झुठै सही म मग्ध थिएँ।

खासमा भन्नैपर्दा म भित्रैदेखि हल्लिएकी थिएँ। तिमीले अन्य पुरूषले झैं 'तिम्रो आँखा कति राम्रो, ओठ कति राम्रो वा केश' यस्ता कुनै कुरा गरेनौ। यस्ता टाइपका कम्प्लिमेण्ट तिमीले दिएनौ। अधिकांश पुरूषले यस्तै दिने गर्थे तर तिमीले फरक दियौ। गुडनाइट भन्नुअघि तिमीले आजको बार्तालापको निष्कर्ष निकाल्दै भन्यौ 'तिमीभित्र त्यस्तो खास चिज रहेछ जो मेरो मुटुलाई हल्लाइदिने।'

त्यो खास चिज के रहेछ तिमीले भनेनौ। तिमीभित्र जो एउटा 'खास चिज' छ भन्ने शब्दले म रातभर सुत्न सकिनँ। दर्जनौं पुरूषले नदेखेको त्यो खास तिमीले कसरी देख्यौ? के देख्यौ? मन कुँडलियो मेरो। त्यो कुराले रातभर हलचल भएँ। भोलि कहिले होला र तिमीसँग कुरा गरौंला भन्दै म तिम्रो मेसेन्जर चेक गर्न थालेँ, ५ घण्टाअघि, ६ घण्टा हुँदै ९ घण्टामा पुगेर तिमी अन भयौ र मलाई गुड मर्निङ भन्यौं। त्यो दिनको गुडमर्निङ मेरो जीवनको हरदिन ताजा याद दिलाउँछ। यसरी सुरूआत भएको हाम्रो सम्बन्धको पहिलो डेट तिमीले मागेका थियौ।

तिमीसँग पहिलो डेट जाँदै गर्दा, तिमी तल बाटोमा लिन आइसकेका थियौ। त्यसदिन मैले अरू दिनभन्दा बढी समय आफ्नो श्रृंगारपटारमै बिताएँ। मैले आफ्नो ओठमा लगाएको लिपिष्टिक चारचोटि परिवर्तन गरेँ। मैले आफ्नो ड्रेस तीन पटकसँग खोले अनि लगाएँ। मेरो कपाल र मेकअपमै मैले समय बिताएँ। मैले आँखामा गाजललाई हल्का तरिकाले कोतरे। तर ती मेकअपहरू गर्दैगर्दा मेरो दिमागमा यी कुराहरू नचलेका भने होइनन्।
पहिलो दिन तिमीले देख्दै गर्दा अन्य पनि देखियोस् भन्ने चाहन्थेँ त्यो के भने, जब तिमीले मलाई जीवन अन्तिम देख्नेछौ मेरो कपाल सेतै, पातलो र झरेको हुनेछ। मेरा अनुहारहरू चाउरिएर टारीखेतका गराजस्ता हुनेछन्। जहाँ कुलोकुलो भएर पानी घाँटीसम्म आइपुग्दोहोस्। म निरीह दुब्ली पातली र बुढी हुनेछु र मैले आशा राखे पहिलो डेट जसरी अन्तिम डेटसम्म तिमीले माया गरौंला भन्ने।

पहिलो र अन्तिम डेटका बारेमा सोचेँ, अब बीचको समय सोच्नेछु।

बीचको समय।

मानौं, तिमीले बिबाह गर्नेछौ। त्यसपछि म तिम्रो अपार्टमेण्टमा सिफ्ट हुँला। हामी बेडमा पल्टेर नयाँनयाँ मुभिहरू हेर्नेछौं। तिम्रा मनपर्ने मुभि र मेरा मुभिहरू एउटै हुनेछन् भन्ने आशा राख्छु। तिमीलाई मनपर्ने खानाहरू म पकाइराख्छु। तिमी कामबाट आएपछि तिमीलाई एकपटक कसेर अँगालो मार्छु। तिमी थाकेर सोफामा बस्दै खुट्टा सानो टेवलको माथि राख्नेछौं, मैले थाकेको ठानेर तिम्रो गन्हाएको जुराफ खोलेर एक ठाउँमा जम्मा गरिदिनेछु।

शुक्रबारको दिन होला, तिमी र म दुबै बाथरूममा सँगै फ्रेस भएपछि तिमीले नाइट डिनरका लागि मलाई रेष्टुरेन्टमा लैजान्छौ। मन्द मोमबत्तीको उज्यालो, सुमधुर म्युजिक अनि तिमी र म केवल, हल्का रेड वाइन पिउँदै तिमीले मेरो ओठमा लाहछाप लगाउने छौ र हामीले डिनर सकेर घर आएपछि भोलिपल्ट बिहान १२ बजेसम्म हामी बेडबाट नउठौंला।

यस्तैयस्तै दिनहरू होलान्, शनिबार, कहिले हामी तिम्रो साथीकोमा लन्च वा डिनरमा जाऔंला। केही साथीलाई तिमीले फोन गरेर घरमा बोलाउँला उनीहरूका लागि म मिठामिठा डिसहरू तयार गरिदिउँला। तिमीलाई थाहै छ म कामकाजी महिला हुन चाहन्नँ।
म तिम्रोको बच्चा जन्माउन चाहन्छु। जब बच्चा होला, र तिमी घर पुग्छौ अब के होला सोचेको छौ? बच्चाले मलाई पछ्याउँछ। घर वरिपरि बच्चाको खेलौना जताततै छरिएको हुन्छ। घर अस्तब्यस्त हुन्छ। चुल्होका खाना चलाउन भ्याउँदिनँ। घर समालूँ कि बच्चा अनि तिमी, बच्चा कराउने, म कराउने र टिभीको कोलाहलपूर्ण वातावरणमा तिमीले ठान्नेछौ मैले तिम्रो केयर गरिनँ। तिमी मलाई भन्न थाल्नेछौ मैले तिमीलाई माया गरिनँ। थाहा छ एकअर्काले एक अर्कालाई मार्नअघि हस्तक्षेप गर्नुपर्छ। तिमीले ममा हस्तक्षेप गर्नेछौ र मैले तिमीमा। म दिनको बारेमा सोध्छु आजको दिन कसरी बित्यो? तिमीले भन्नेछौ म पछि भन्छु। र अन्त्यमा सुत्नका लागि हामी जान्छौं। म तिमीलाई बोलाउँछु तिमी ल्यापटपमा बसिराख्नेछौ। म बच्चा सुताउन जानेछु अनि हामी यसरी बेग्लाबेग्लै एक्लै सुत्नेछौं। यो हुनैपर्छ तर म यो चाहन्नँ।

हाम्रा दिनहरू निर्धारित हुनेछन्। हाम्रा आवश्यकताहरू बढ्नेछन्। बच्चाको रेखदेख, स्कुल, फिस आदि इत्यादिमा कुनैकुनै दिन तिमीलाई दिक्क लाग्दो हो। हामीसँग फिल्म हेर्ने समय हुने छैन। हामी डेटमा जान सक्दैनौं। हाम्रा प्रत्येक क्षणहरू बहुमूल्य हुनेछन्। बच्चाले तिमीलाई बाबा भन्दै नछोड् दो। तिमीसँग झुण्डिदो हो। तिमीलाई दिग्दार लाग्दो हो। तिमीभित्र कताकता अपुरो अधुरो नारीभोगको तृष्णा रहँदो हो। यी सबै कुरा एउटा पुरूषले सहनै पर्छ। यो जीवन, यी बच्चा हामीले चाहेकै जीवन हुनसक्छ। मैले बुझिदिनेछु।

एकदिन ठिक हुनेछ भन्ने चक्करमा हामी अव्यवस्थित हुनेछौं र बच्चा ठूलो भैसकेपछि ऊ आफ्नो छुट्टै दुनियाँ बनाउँला। तिमी बुढो हौला। तिम्रो शरीरभरी कोलोस्टोरल, प्रेसर र सुगरले भरिएको हुनसक्छ। भगवान सम्झेर भन्छु यस्तो नहोस्, भैदियो भने, तिमी हिँडडुल गर्न कम गर्नेछौ। घरमै बस्नेछौ। शरीर दर्दले भरिनेछ। तालु खुइलिनेछ। कपाल सेतै हुनेछ। मेरो पनि तिम्रोजस्तै हालत हुनेछ।

हामीले सुप बाहेक अरू खान सक्दैनौं, हामीले एक अर्काका आँखामा हेरेर जीवन मृत्यु कुर्नेछौं, प्रिय, मेरो पहिलो प्रेमको पहिलो डेट, बल्ल त्यतिबेला मैले तिमीलाई फेरि प्रेम गर्नेछु। म तिम्रो प्रेमको अपेक्षा गर्नेछु। हामी फेरि प्रेममा पर्नेछौं। प्रिय श्रीमान्, मसँग फेरि प्रेममा पर्नुहोस् म यही चाहन्छु।

म त्यतिबेला एनिमेटेड चलचित्रको पात्र जस्तो देखिन्छु। मैले जबर्जजस्ती लिपिष्टक लगाएर तिमीसँग हिँड्दा गल्लीका अन्य तरूनीहरूले मलाई गिज्याउँलान्। म तिम्रो हात समातेर हिँड्दा युवाहरूले हामीलाई कस्तो नकच्चरो नकच्चरी भन्लान्। रेष्टुरेण्टमा खाँदै गर्दा तिमीले अंगालौला वा मैले तिमीलाई खुवाउँला तिमीले मलाई त्यतिबेला हाम्रो प्रेम हेर्न अरूलाई गाह्रो होला। जब हामीले एकअर्काको सहाराले उठौंला उनीहरूलाई हाम्रो प्रेम हेर्न गाह्रो होला।

जब हामी घर पुग्छौं म हतारहतार बाथरूममा पुगेर लिपिष्टकहरू पुछ्नेछु। हामी सोफामा अंगालौंला, तिम्रा खुट्टा नजानेर म माथि चढेको होला एक तरिकाबाट अडेसलाग्दा लाग्दा अर्कोतिर ढल्कन खोज्दा मेरो आडमा टाउको परेको बखत उनीहरूलाई लज्जित अनुभव होला।

जब घरमा सबै जना सुतिसकेका हुनेछन्। हामीलाई निन्द्रा नलागेर हामी आआफ्नो बेडमा ढल्कदै गर्दा, हाइहाइले अरूलाई डिस्टर्व हुन सक्ला। मसँग तिमीलाई देखाउने र दिने सपना हुनेछैनन् र तिमीसँग लिने र दिने सामर्थ्य हुने छैन। म हिम्मत गुमाएकी हुन सक्छु त्यतिबेला तिमी मेरो सर्वस्व हुनेछौ। देवता तुल्य। यी सबै कुराको लागि म तिमीप्रति आभारी हुनेछु। सकुनसाथ मैले आफ्नो जीवनको अन्तिम सास तिम्रो काखमा फेर्न पाएँ भने त्यो भन्दा सौभाग्य मेरो केही हुने छैन।

मैले विश्राम लिँदै गर्दा, म एउटा उत्तम पत्नी, उत्तम आमा र उत्तम साथी साथै, धैर्यवान, दयालु र निश्वार्थ नारी भएर यस संसारबाट बिदा लिनेछु। र मैले तिमीलाई पनि यसरी जान्ने छु धर्तीमा, मैले चिनेको एउटा असल गार्ड, एउटा परिश्रमी पुरूष, निश्वार्थ माया गर्ने मान्छे, देवतुल्य मेरो श्रीमान। म तिमीबाहेक अरूसँग जीवन बिताउने कल्पना गर्ने छैन। म तिमीलाई यो थाहा दिन चाहन्छु कि मैले तिमीलाई पहिलो माया गरेँ।
म आज पहिलो डेटमा जाँदैछु। मैले ऐनामा फेरि हेरेँ सबै ठिकै छ। ब्याग हातमा लिएँ, ढोका लगाएँ। मलाई थाहा छ तिमी तल आएर कुरिरहेका छौ। म आज पहिलो डेटमा जाँदैछु।

# परिवर्तित व्यवहार !



• दिपेश राई

भदौरे दिन। झरी परेकै छ। बाटामा हिँड्नेहरू भिजिरहेकै छन्। ट्याक्सीमा आफ्नो डेरातर्फ हिँडेका एक दम्पतीको मन भने एकअर्काप्रति भिज्न सकिरहेको छैन। दुई वर्षपछि पूजा इजरायलबाट फर्केकी थिई। केवल आफ्नो देश र आफ्नो पति महेशलाई सम्झेर।

ट्याक्सी भर्खर एयरपोर्ट गेटबाट बाहिर निस्केर गौशाला उकालो लाग्दै थियो। सहर रुझेकोले बाहिर हल्का चिस्यान थियो। सायद भित्र बसिरहेका दम्पतीबिच व्याप्त चिसोपनभन्दा कम। उनीहरू दुईबिचको अस्वाभाविक मौनता र असहजताले चालकलाई समेत घरीघरी रियर भ्यु मिररमा हेर्न बाध्य बनाइरहेको थियो।

पूजा महेशसँग कुरा गर्न सकिरहेकी थिइन। ऊ महेशतिर प्रेमपूर्ण हेराइ हेर्छे। महेश भने निर्वाक् झ्यालबाहिर एकोहोरो हेरिरहेको छ। आज पूजा विदेशबाट फर्केकी छे तर ऊ एक्लै आएकी छैन। ऊसँगै, अझ भनौं ऊभित्रै उसले अरू कसैलाई पनि लिएर आएकी छे। छिनछिनमा महेश पूजाको बढ्दै गएको पेटतिर हेर्छ र एउटा उच्छ्वास फाल्छ।

'ब्रदर हामीलाई चाबहिलमै झार्दिनू। पहिलाको लोकेसन क्यान्सिल गरौं है,' अघि देखिको मुर्दा शान्ति महेशले भंग गर्छ। ट्याक्सी चालकले पनि स्थितिको गम्भीरतालाई बुझेर केही नबोली सहमतिमा टाउको तलमाथि गर्छ।

सबै ट्याक्सीबाट ओर्लिए। चालकले डिकी खोलेर पूजाको कालो सुटकेस निकाल्यो। महेशले भाडा दियो। ट्याक्सी धुलो उडाउँदै त्यहाँबाट हुइँकियो।

चाबहिलको गेस्ट हाउस। गेस्ट हाउस एउटा सानो रुम। महेश र पूजा बेडमा बसेर अघिकै शून्यतालाई निरन्तरता दिइरहेका छन्। नीलोपुल बस्ने महेशले आफ्नी पत्नीलाई दिउँसोको उज्यालोमै डेरा लान चाहिरहेको छैन। कारण पूजा हैन। उसमा देखिँदै गएको शारीरिक परिवर्तन हो।

'केही खाने हो?,' महेशले नै कुराको गाँठो फुकाउँछ।

'अघि फ्लाइटमै खाएँ मैले। तपाईं खानु न,' पूजा बल्ल बोल्न पाउँछे। अनि मनमनै थोरै हलुंगो पनि हुन्छे।

आज एकअर्कासँग यसरी नापजोख गरेर बोल्नु पर्ला भनेर सायद यी दुवैले कहिले सोचेका थिएनन्। महेश चुपचाप कोठाबाट निस्केर तल झर्छ। पूजाले ऊ सिँढी झर्दै गरेको आहट सुनिरहन्छे र आफू पनि वर्तमानको खुड्किलो झर्दै विगततिर पुग्छे।

दुई वर्षअघि महेश र पूजा एक नवदम्पती थिए। उनीहरू बिच प्रगाढ माया थियो। गर्नलाई सीमान्त कुराहरू थिए। तर दुवैसँग एउटा दिगो र भरपर्दो जागिर थिएन। पैसाको अभावले यिनीहरूको जीवनलाई निकै कष्टकर बनाइरहेको थियो। दुवैले एउटै कलेजबाट स्नातक गरेका थिए।

बिए पास गरिसकेपछि दुवैले जागिरको लागि धेरै दौडधुप र कसरत गरे। पूजालाई पत्रकारितामा औधी रुचि भएकोले ब्याचलरमा पनि मेजर आमसञ्चार नै लिएकी थिई। एक दिन एउटा राष्ट्रिय स्तरको मिडियामा संवाददाताको रिक्त देखेपछि पूजाले आफ्नो सिभी पठाइहाली। निकै तयारी गरेर एकदमै राम्रो अन्तर्वार्ता पनि दिई।

आफू पत्रकारिताको नै विद्यार्थी भएकोले र अन्तर्वार्ता पनि सोचेभन्दा राम्रो भएकोले ऊ आफूले जागिर पाउनेमा ढुक्क थिई। तर हामी तपाइलाई सम्पर्क गर्छौं भनेर बिदा गरेका अधिकारीहरूसँग फेरि कहिल्यै पूजाको सम्पर्क भएन। पछि त्यहीँको समाचार बाचिका साथी रेखाबाट उसले थाहा पाई कि त्यो जागिर उनीहरूकै कार्यकारी सम्पादकको नाता पर्ने कोही मान्छेले पाइसकेको रहेछ।

भ्याकेन्सी, अन्तर्वार्ता त केवल देखाउनलाई गरिएको औपचारिकता मात्र थियो। रेखाको कुराले पूजाको मन साह्रै खिन्न भएको थियो। आफूसँग योग्यता र सक्षमता भएर पनि तल पर्नु पर्ने समाजको व्यवहार र व्यवस्थासँग उसलाई उदेक लागेको थियो।

पूजासँगै महेश पनि एउटा स्थायी जागिरको खोजीमा दिनदिनै भौंतारिरहेका थियो। एक पटक नेपाली सेनामा अधिकृत क्याडेट र एक पटक नेपाल प्रहरीमा इन्स्पेक्टरको लागि पनि भिडिसकेको थियो। लिखित, शारीरिक, अन्तर्वार्ता, सहनशीलता सबै परीक्षामा उत्कृष्ट नतिजा ल्याउँदा ल्याउँदै पनि महेश राजनीतिक सिफारिस र शक्तिशाली पहुँचको जाँतोमा घुन जसरी पिसियो।

मेरिट लिस्टमा आफ्नो नाम आँखा नचिम्ली तीन पटकसम्म खोज्दा पनि नभेटेपछि महेशले आफ्नो फोनलाई भित्तामा झटारो हान्यो। मनमनै देशको भ्रष्ट व्यवस्थालाई आमाचकारी गाली गऱ्यो। अनि सिरकले सिरदेखि पैताला छोपेर सुतिरह्यो। तर सधैँ सुतिराखेर उसलाई ओछ्यानमै कसैले केही टक्राउने वाला थिएनन्।

उठ्नु पर्ने त थियो नै। अरू जागिर नखोजी अर्को विकल्प पनि थिएन किनकि अब ऊ पहिला जस्तो एक्लै पनि त थिएन। गाउँमा भएका बुवाआमासँग अलिअलि खर्च पठाइ माग्दै महेशले जेनतेन काठमाडौँमा पूजासँग रुक्खा सुक्खा जीविका चलाइरहेको थियो। आफू सबल र सक्षम छोरो भएर पनि प्रत्येक पटक घरकारहरूसँग पैसाको लागि हात पसार्दा उसलाई मनको भित्री तहसम्म लाज र

❖ बाँकी तेस्रो पृष्ठमा

# भारतमा कर परिवर्तन, नेपालमा चिन्ता

झापा(प्रस) । भारत सरकारले वस्तु तथा सेवा कर (जिएसटी) दरमा परिवर्तन गरेपछि त्यसको असर नेपाली बजारमा झन् बढी पर्ने चिन्ता विराटनगरका उद्योगी व्यवसायीले गरेका छन् । नेपालका करका दर, कारण वस्तु उत्पादन लागत बढी पर्ने गर्छ । भारतले घटाएको जिएसटी दरको प्रभाव खुला सिमाना भएको नेपाल जस्तो देशमा अझै पर्ने चिन्ता गरिएको हो ।

भारतले राजस्व तथा सेवा कर (जिएसटी) का चार वटा स्ल्याबलाई घटाउँदै दुई तहमा झार्ने प्रस्ताव गरेको छ । भारतको ५६ औँ जिएसटी परिषद्को बैठकले अत्यावश्यक वस्तु सस्तो बनाउने उद्देश्य राखेर यस्तो प्रस्ताव गरेको हो । यो यही सेप्टेम्बर २२ देखि नयाँ दर लागु हुने छ जसको प्रभाव नेपाली बजारमा चाडपर्वकै बेला पर्ने उद्योगी व्यापारीको भनाइ छ ।



यस अवस्थामा मोरङ उद्योग व्यापार संघले नेपाल सरकारले तत्काल केही नीतिगत सुधार नगरे देशका उत्पादन र उत्पादकत्वमा नराम्रोसँग प्रभाव पार्ने जनाएको छ । संघका अध्यक्ष अनुपम राठीका अनुसार अन्तःशुल्क, मूल्य अभिवृद्धि कर र भन्सारदरका कारण नेपाली वस्तुको मूल्य भारतको भन्दा बढी रहँदै आएको छ । त्यसमा पनि पछिल्लो परिमार्जित जिएसटी प्रणाली लागु हुँदा भारतमा उत्पादन हुने वस्तु अझै सस्तो हुने छ ।

अध्यक्ष राठीका अनुसार नेपाली उपभोक्ता सीमापार भारतका बजारमा अहिले पनि आकर्षित छन् । चोरीपैठारी पनि अत्यधिक छ । परिवर्तित जिएसटी लागु भएपछि भारतका बजारमा अझै नेपाली उपभोक्ता बढ्ने छन् भने खुला सीमानाकाबाट चोरीपैठारी पनि बढ्ने छ । यस्तो भएमा नेपालका सीमावर्ती बजारको अवस्था कमजोर हुने छ । अध्यक्ष राठीका अनुसार टेक्स्ट टायल, स्टेसनरी, खाद्यान्न, जुताचप्पलमा यसको असर बढी पर्ने छ ।

संघले नेपाल सरकारले तत्काललै बहुदरको कर प्रणाली अवलम्बन गर्नुपर्ने सुझाव दिइएको छ ।

जसमा अत्यावश्यक वस्तुमा न्यून कर, मध्यम वर्गीय वस्तुमा मध्यम कर र विलासी वस्तुमा उच्च करको रणनीति बनाउन भनिएको छ । यसै गरी दैनिक उपभोग्य वस्तुका अन्तःशुल्क र भन्सार महसुल घटाउनुपर्ने, स्वदेशी उद्योगलाई परिरहेको नकारात्मक असरलाई कम गर्न करका दर परिवर्तन गर्नुपर्ने सुझाव दिइएको छ । यसै गरी संघले उच्चस्तरीय आर्थिक सुधार आयोगको सुझाव पूर्ण रूपमा अवलम्बन गर्नुपर्ने सरकारसँग माग गरेको छ ।

# प्र.जि.अ.११ र ट्रेड युनियन ११ बीच मैत्रीपूर्ण फुटबल खेल

झापा(प्रस)। जिल्ला प्रशासन कार्यालय आवद्ध टिम प्र.जि.अ. ११ र झापास्थित ट्रेड युनियनहरू आवद्ध टिम ट्रेड युनियन ११ बीच मैत्रीपूर्ण फुटबल खेल सम्पन्न भएको छ। झापाको भद्रपुस्थित मेची रंगशालामा शुक्रबार सम्पन्न खेलमा ट्रेड युनियन ११ लाई ४-३ गोल अन्तरले हराउँदै प्र.जि.अ. ११ विजयी भएको छ। सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलासहितको प्र.जि.अ. ११ टिममा जिल्ला प्रशासन कार्यालय मातहतका कार्यालय प्रमुख र कर्मचारी संलग्न थिए भने ट्रेड युनियन ११ मा नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन झापाका अध्यक्ष रामचन्द्र बस्नेतसहित नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन एवं एकीकृत कर्मचारी संगठन आवद्ध पदाधिकारी एवं सदस्यहरू संलग्न थिए।

जिल्ला प्रशासन कार्यालय झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईको प्रमुख आतिथ्यता रहेको सो खेलकुद कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक राजन लिम्बू, राष्ट्रिय अनुसन्धान कार्यालय झापाका उपरीक्षक उमेश पाण्डे, सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौला, भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, मेचीनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्नि अधिकारी, मालपोत कार्यालय झापाका प्रमुख मालपोत अधिकृत टिकामणि न्यौपाने, नापी कार्यालय झापाका प्रमुख नापी अधिकृत सुनिल आनन्द, कारागार कार्यालय झापाका प्रमुख रेवन्त भट्टराई,फुटबल संघ झापाका अध्यक्ष दिपेश ढकाल समेतको उपस्थिति रहेको थियो।

त्यसैगरी जिल्लास्थित ट्रेड युनियनका तर्फबाट नेपाल निजामती कर्मचारी संगठन झापाका अध्यक्ष हिरण्य न्यौपाने, नेपाल निजामती कर्मचारी युनियन झापाका अध्यक्ष लक्ष्मी दाहाल, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठनका अध्यक्ष रामचन्द्र बस्नेत, एकीकृत कर्मचारी संगठनका उपाध्यक्ष वेनु सुवेदी समेतको उपस्थिति रहेको थियो।

२०१३ भाद्र २२ गते पहिलो निजामती सेवा ऐन लागू भएकोले प्रतेक बर्ष भाद्र २२ गते निजामती सेवा दिवस मनाउँदै आएकोमा यस बर्ष समेत निजामती सेवा दिवस-२०८२ को अवसरमा अन्य कार्यक्रमका अतिरिक्त मैत्रीपूर्ण फुटबल खेल आयोजना गरी दिवस मनाउने प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको अध्यक्षतामा जिल्लास्थित कार्यालय प्रमुख र ट्रेड युनियन पदाधिकारी सहितको बैठक बसी निर्णय गरिएको थियो । सो बमोजिम मैत्रीपूर्ण फुटबल खेल खेलिएको नेपाल राष्ट्रिय कर्मचारी संगठनका केन्द्रीय सदस्य एवं जिल्ला प्रशासन कार्यालय झापाका नायब सुब्बा तथा ट्रेड युनियन ११ तर्फका खेलाडी यदुनन्दन दाहालले जानकारी दिएका छन् ।




# मनास्लु आरोहणका लागि २२४ जनाले लिए अनुमति

झापा(प्रस) । यस वर्षको शरद ऋतु (सेप्टेम्बर, अक्टोबर र नोभेम्बर)मा मनास्लु हिमाल आरोहणका लागि दुई सय २४ जनाले अनुमति लिएका छन्।

पर्यटन विभागबाट प्राप्त तथ्याङ्कअनुसार आठ हजार १६३ मिटर अग्लो मनास्लु आरोहणका लागि विभिन्न मुलुकका १७ टिमका दुई सय २४ जनाले अनुमति लिएका हुन्। विभागका अनुसार एक सय ६९ पुरुष र ५५ महिलाले मनास्लु हिमाल आरोहणका लागि अनुमति लिएका छन्। उनीहरूबाट रु नौ करोड ४३ लाख २२ हजार ८६० राजस्व संकलन भएको छ।

यो सिजनमा सबैभन्दा धेरै आरोहीले मनास्लु आरोहण गर्ने गरेका छन्। शुक्रबारसम्म सगरमाथा आरोहणका लागि जम्मा एक जनाले मात्र अनुमति लिएका छन्। ल्होत्से आरोहणका लागि दुई जनाले मात्र अनुमति लिएका छन्।

अरु आरोहीहरूले आठ हजार मिटरभन्दा कम उचाइका हिमाल

❖ बाँकी पृष्ठ ४ मा

# मध्य भोटेकोशीको व्यावसायिक उत्पादनको तयारी



झापा(प्रस) ।मध्य भोटेकोशी जलविद्युत् आयोजनाले भदौ अन्तिम सातादेखि व्यावसायिक उत्पादन गर्ने भएको छ । सिन्धुपाल्चोककै सबैभन्दा ठुलो १०२ मेगावाट क्षमताको आयोजनाले भदौ १६ देखि परीक्षण उत्पादन गरिरहेको छ ।

नेपाल विद्युत् प्राधिकरणले निरीक्षण गरेर अनुमति दिएपछि व्यावसायिक रूपमा विद्युत् उत्पादन गर्न लागेको उक्त आयोजनाका कार्यकारी अधिकृत रामगोपाल शिवाकोटीले जानकारी दिएका छन् ।

नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको बाह्रबिसे सबस्टेसन पूरा नभएका कारण सो आयोजनाले उत्पादन गरिरहेको विद्युत् ४० किलोमिटर ट्रान्समिसन लाइनमार्फत नयाँ खिम्ती सबस्टेसनमा पुऱ्याएको छ । त्यसमा मध्य भोटेकोशीको २२० केभी पावर सिधै खिम्ती सबस्टेसनको चार सय केभी पावरमा जोडिएको शिवाकोटीले बताए ।

खिम्तीबाट ढल्केश्वर हुँदै राष्ट्रिय प्रसारणको ग्रिडमा विद्युत् जाने छ । आयोजनाको तीन वटा टर्वाइनमध्ये एउटा सञ्चालन गरेर परीक्षण उत्पादन भइरहेको छ ।

वार्षिक ५४ करोड २० लाख युनिट विद्युत् उत्पादन हुने र त्यसबाट पौने तीन अर्ब रुपियाँभन्दा बढी आम्दानी हुने उनको भनाइ छ ।

आयोजना निर्माण सुरु भएको १४ वर्षपछि उत्पादन हुन लागेको हो ।

निर्माण पूरा हुँदा १२ अर्ब ३३ करोड २८ लाख लागत अनुमान गरिएकोमा १४ वर्षसम्म आयोजना निर्माण सम्पन्न नहुँदा २२ अर्ब लागत भएको आयोजनाले जनाएको छ ।

# परिवर्तित...

संकोच लाग्थ्यो। त्यसैले उनीहरू दुवैले चाँडोभन्दा चाँडो कुनै दिगो रोजगार पाउनलाई हड्डी खियाउँदै थिए।

ढक-ढक! ढक-ढक!

महेशले ढोका खोल्यो। पूजा महेशलाई हेरेर मुसुक्क मुस्कुराई। निधारमा फुटेका पसिनाका थोपा पुछ्दै भित्र छिरी।

'खाना खानुभयो?'

'खाएको। हातखुट्टा धोऊ। म खाना पस्की दिन्छु,' महेशले चुला बाल्दै भन्यो।

'हस्।'

'अन्तर्वार्ता कस्तो भयो?,' महेशले पूजालाई एक पन्युँ भात थपिदिँदै सोध्यो।

'दामी भएको छ। कहिले रिजल्ट आउँछ जस्तो भइसक्यो,' पूजा उत्साहित सुनिई।

'किन र?'

'कस्तो किन र? जति छिटो जागिर पाइयो, त्यति राम्रो नि।'

पूजाको उत्साह देखेर उसले जागिर पाउनेमा महेश पनि लगभग निश्चिन्त भयो। ऊ धेरै दिनपछि दिल खोलेर मुस्कुरायो।

दुई हप्ता बित्यो। जुन बोर्डिङमा शिक्षिकाको लागि पूजाले अन्तर्वार्ता दिएर आएकी थिई, त्यहाँबाट न कुनै फोन आयो न मेल। दिनहरू अझै बित्दै जाँदा उसले बुझिसकेकी थिई कि ऊ फेरि पनि योग्य हुँदाहुँदै तल परिसकेकी छ। आफ्नै देशमा आफ्नो सक्षमताको भरमा जागिर खान नपाउनु कस्तो विडम्बना! कस्तो बिचल्ली!

त्यस दिन पूजालाई नराम्रो धक्का लाग्यो। महेश दिनभरि ऊ नजिकै बसिरह्यो। उसलाई आफ्नो अङ्गालोमै कसिराख्यो। आज ऊ काम खोज्न पनि बाहिर गएन। पैसा सकिँदै गएको पर्सबाट ४०० रुपैयाँ झिक्यो। सुँगुरको आधी किलो मासु ल्यायो र मीठो गरी बनाएर पूजालाई आफ्नै हातले खुवायो। पूजा महेशको मायाले पूर्णतः रुझी। उसले एकछिनलाई आफ्नो समस्याहरूलाई पनि बिर्सिदिई।

राजनीतिक सिफारिस, माथिल्लो तहसम्म पहुँच, नातावाद, कृपावाद, बेथिति, अनियमितताले शिथिल भएका नेपालीहरूको लामो सूचीमा उनीहरूको पनि नाम दर्ज भइसकेको थियो। आफ्नो देशमा सिधा तरीकाले कुनै गतिलो जागिर पाउने अब उनीहरूलाई आस थिएन। बाँच्नलाई केही त गर्नै पर्ने थियो। दुई छाक खाने र लाउने जीवनशैलीमा सीमित उनीहरू बस्न सक्दैन थिए।

अलि पढे लेखेको हुनाले साह्रै मामुली काम गर्न पनि उनीहरूको मनले मान्दैन थियो। त्यसैले आखिरमा पूजाले पनि त्यहीँ बाटो रोजी जुन दैनिक हजारौँ नेपालीले रोज्छन्। अंशमा परेको गाउँको एक रोपनी जग्गा बैंकमा धितो राखेर महेशले पूजालाई इजरायल पठायो।

खासमा ऊ आफू नै ड्राइभिङ कामको लागि साउदी जाने वाला थियो तर मेडिकल दिएर पठाओमा फर्किँदै गर्दा चालकले बाइक सिधै एउटा ५-६ फिट गहिरो खाडलमा लगेर छिराइदियो। महेशको दाहिने हातमा प्लास्टर लाग्यो। डाक्टरले महेशको हात ७-८ महिनासम्म यस्तै रहने जानकारी दिएपछि उसको पसिना छुट्न थाल्यो। बैंकको साावाँ-ब्याजले उसलाई निद्रामा पनि झस्काउन थाल्यो। यता आफ्नो उपचार खर्चले झन् जटिलता निम्त्याइरहेको थियो। तब बाध्य भएर उसले पूजालाई नै विदेश जान सुझायो।

घर, परिवार र झन्झन् बिग्रँदै गएको जीवनको सन्तुलन मिलाउन पूजाले सोझै महेशको सुझावमा सही थपी। महेशको भाइ जो काठमाडौँमै छुट्टै कोठा लिएर बसेको थियो। उसलाई केही समय महेशसँगै बस्न र दाइको राम्रो हेरचाह गर्नु भनी जिम्मा लगाएर पूजाले नेपाल छोडी। इजरायल छिरी।

इजरायलमा एउटा धनी यहुदी परिवारको घरमा उसले केयर गिभरको काम गर्न थाली। नील र उसकी श्रीमती रोना दुवै कामको सिलसिलामा घर वा सहर बाहिर हुँदा पूजाले उनीहरूको दुई छोरीको स्याहार गर्नुपर्थ्यो। साथै धेरथोर घरायसी काम पनि उसले गर्थी।

इजरायल आएको डेढ वर्षसम्म त सबै राम्रै चलिरहेको थियो। पूजाले कमाए जति पैसाबाट आफूलाई थोरै खर्च राखेर बाँकी सबै महेशलाई पठाइरहेकी थिई। यता महेशले पनि त्यस पैसाले बैंकको ऋण तिर्दै घर व्यवहार चलाउने र सानोतिनो बचत, लगानी पनि गर्न थालेको थियो। ऊ आफू पनि एउटा रात्रि क्लबमा बाउन्सरको काम गर्थ्यो।

उनीहरूको जीवनको सन्तुलन बल्ल मिल्न थालेको थियो तर जीवनमा सबै सधैँ एकनास रूपमै चल्ने भए किन पो जीवन। पूजाको सहज हुँदै गएको जिन्दगीमा एक दिन बज्रपात पऱ्यो जब उसको मालिक नीलले उसको पासपोर्ट, नागरिकता मागेर आफूसँगै राख्यो। उसलाई यौन शोषण गर्न थाल्यो।

उसकी पत्नी रोना कामले दुई-तीन दिन नै बाहिर हुँदा उसले पूजाको शरीरलाई जबरजस्ती धेरै पटक भोग्यो। अरूको देशमा, अनजानहरूको बिच, यसै त सिँधी सोझी पूजाले केही प्रतिकार गर्न सकिन। पासपोर्ट र नागरिकता जफत गरी नपुगेर नीलले उसको नग्न तस्वीर र भिडियोहरू पनि बनाएको थियो।

'कसैलाई यसबारे भनिस् भने तेरो सबै फोटो र भिडियोहरू पोर्न साइटहरूमा हाल्दिन्छु,' प्रत्येक पटकको करणी पछि एउटा धम्कीपूर्ण चेतावनी दिन उसले छुटाउँदैन थियो।

अपराधी नील भए पनि पूजाले आफूलाई दोषीसरह सजाय दिइरहेकी थिई। परदेशी ठाउँमा उसको मन बहलाउने र खुसी हुने आधार महेशसँग फोनमा हुने कुराकानी नै थियो। तर पहिला जस्तै ऊसँग घण्टौँ खुलेर फोनमा गफिने उसको चाह मरिसकेको थियो। महेशसँग राम्ररी कुरा नगरी नै उसले बिचैमा कल काटिदिन्थी।

उसले पटक-पटक सम्पर्क गर्न खोज्दा पनि पूजाले फोन उठाउँथिन। धेरै पटक महेशलाई यताको बारे भन्न उसले कोसिस गरी तर मनको भावनाले शब्दको आकार लिन सकेन। नेपालबाट ऊ बिचराले के पो गर्न सक्ला र भन्ने सोचेर चुपै रही। सबै सही रही। महेशलाई झन् पीडा थपिदिन उसले सकिन।

यता आएको दुई वर्ष पुग्न लागेकोले उसले चाँडै छुट्टीमा नेपाल जाने सोच बनाइसकेकी थिई । नेपाल पुगेर भेट्ने बित्तिकै महेशलाई अङ्गाल्ने, चुम्ने र मनभरिको माया गर्ने सपना थियो उसको। सबै धुलो भए। घरीघरी आफ्नै शरीर र रूपसँग उसलाई रिस उठ्यो। त्योभन्दा बढी आफ्नो भाग्यसँग झोक चल्यो। चितामा पुऱ्याउने चिन्ता र मानसिक पीडाले उसको रूप, रंग, तौल, पहिरन सबै टिठलाग्दो देखिन थालेको थियो।

एक दिन उसलाई अचानक रिँगटा लागेझैँ भयो। जीउ साह्रै बोधो र निष्क्रिय जस्तो देखेकोले रोनाले नै उसलाई हस्पिटल जान भनी।

ऊ दुई महिनाको गर्भवती पनि भइसकेकी रहेछ। अत्यधिक मानसिक तनाव र पीडाले शरीरमा समस्या आएकोले महिनावारी बिग्रेको होला भनेर यतिन्जेल उसलाई लागेको थियो। तर हस्पिटलमा वास्तविक कारण थाहा पाएपछि उसले टेकिरहेको भुइँ जोडले थर्कियो। चर्चरी धाँजो फाटेको जमिन जस्तै उजाड भयो उसको मन। जीवन।

निष्प्राण जस्ती भएर पनि उसले दिन कटाउँदै गई। नीलकी दुइटी छोरीलाई हेर्दा उसलाई उनीहरूप्रति दया लागेर आउँथ्यो। बाउको पाशविकतासँग साक्षात्कार भएको दिन यिनीहरूको हालत के होला? कसरी अरूको सामु पर्लान् यिनीहरू?

उता आफ्नो बदि्लएको व्यवहारले गर्दा महेश कुन सकसमा होला। सम्झिँदा उसको तनमन फेरि फतक्कै गल्थ्यो।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ